नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्सः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :- ०८१/०८२
चलानी नं.:- 2823

मितिः २०८२/०३/१५

**विषयः** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री मण्डल ऊर्जा प्रा. लि.
का.म.न.पा.-३२, सुविधानगर,काठमाण्डौ ।
फो नं.: ९८५१०६५१२८

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित अपर इन्दुवा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन)को दफा १० को उपदफा (३)को व्यवस्था बमोजिम निम्न विवरणहरु **पैतिस (३५)** दिनको समयावधी भित्र पेश गर्नु हुन विभागको मिति २०८२/०३/१२को निर्णयानुसार जानकारी गराइन्छ ।

१. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको (नोटराइज प्रतिलिपि) ।
२. प्रवर्द्धक कम्पनीको पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
३. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्रको नोटराइज प्रतिलिपि ।
४. संचालक समितिको बैठकको निर्णय सहितको पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
५. Desk Study Report (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।
६. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा ।
७. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
८. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण ।
९. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
१०. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
११. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(डा. आस्था भट्ट)
इन्जिनियर